# २०२३ रिटर्नी श्रमिक निबन्ध प्रतियोगिता
## (विजेतालाई दक्षिण कोरियामा निमन्त्रणा गरिने)

## ☐ विवरण

○ **प्रतियोगिताको लागि योग्यता** : दक्षिण कोरियामा **E-9** भिसामा काम गरेको श्रमिक
(कोरियाली अध्यागमन विभागबाट प्रवेश रोक नलागेको व्यक्ति)

※ **व्यक्तिगत सहभागिता मात्र मान्य हुने छ। सामूहिकरुपमा सहभागी हुन पाइने छैन।**

○ **प्रतियोगिताको क्षेत्र र विष्तृत विवरण**

| क्षेत्र | विष्तृत विवरण |
|---|---|
| **अनुभवमा आधारित निबन्ध** | ◇ **तल दिइएको विषय (एकभन्दा बढी विषय छनौट गर्न सकिने) छनौट गरि निबन्ध लेख्नु पर्ने छ। (अधिकतम २ पाना)**<br>– रोजगार अनुमति प्रणालीले तपाईको जीवनमा पारेको प्रभाव र स्वदेश फर्कनु अघि र पछि आएको परिवर्तन<br>– कोरिया बसाइको क्रममा विदेशी श्रमिकको रुपमा जीवनयापन गर्दा आएका सुख दुःखका क्षण र स्वदेश फर्किएपछि आएको सकारात्मक परिवर्तनको आफ्नो अनुभव<br>– कोरियामा काम गरेर स्वदेश फर्किएपछि व्यवसाय/ रोजगारीमा पाएको सफलताको<br>– आर्थिक कठिनाइ, कोरियाली नागरिकहरुको नकारात्मक दृष्टिकोण, आदिलाई पार गरि सफल रोजगारी जीवनसम्मको सिलसिला र त्यसबाट स्वदेशमा तपाईको जीवनमा पारेको प्रभाव<br>– कोरियामा विदेशी श्रमिक सम्बन्धी धारणा सुधार गर्न सफल भएको अनुभव र कोरियामा काम गर्न जान चाहने नेपालीहरुलाई पार्नु भएको प्रभाव, आदि<br><br>◇ **बुझाउने तरिका**<br>– नेपाल ई पि एस सेन्टर(nepalhrd@hotmail.com)मा ईमेलमार्फत पठाउने<br><br>◇ **बुझाउन पर्ने कागजात**<br>– प्रतियोगिताको निवेदन फाराम १ प्रति, व्यक्तिगत विवरण संकलन सहमती पत्र १ प्रति, निबन्ध (२ पेजभन्दा कम)<br>※ <व्यक्तिगत विवरण संकलन सहमती पत्र> मा 'सहमत छु' मा टिक चिन्ह लगाएर आवेदकको नाम, हस्ताक्षर वा छाप लगाएर पेश गर्नु पर्ने छ। |

○ **प्रतियोगिताको तालिका**

- निबन्ध पेश गर्ने अवधि : २०२३.०९.२९ (शुक्रवार) ~ २०२३.१०.०८(आइतवार) (१० दिन)
- मूल्याङ्कन हुने मिति : २०२३.१०.०९ (सोमवार)
- पुरस्कृतको नाम घोषणा : २०२३.१०.१० (मंगलवार) १८:०० बजे

## ☐ मूल्याङ्कनको मापदण्ड

◯ रोजगार अनुमति प्रणाली अन्तर्गत दक्षिण कोरियामा काम गरि नेपाल फर्केर सफलतापूर्वक पुनः एकीकरण (reintegration) गरेको विषयमा केन्द्रित भइ प्रतियोगिताको उद्देश्यसँगको अनुकुलता र निबन्धको पूर्णताको आधारमा मुल्याङ्कन गरिने छ ।

| मूल्याङ्कन क्षेत्र | मूल्याङ्कनको विषय | मूल्याङ्कन सूचक | अंक |
|---|---|---|---|
| प्रतियोगिताको उद्देश्यसँगको अनुकुलता (५०अंक) | **विषयसँगको अनुकुलता** | प्रतियोगिताको उद्देश्य स्पष्टसँग बुझि सोको आधारमा विषय छनौट गरिएको छ ? | १० |
| | **अनुभवसँगको सम्बन्ध** | स्वदेश फर्किएपछि अरु रिटर्नीहरुको लागि उदाहरणीय मेहनत र दृढताको साथ व्यवसाय वा रोजगारीमा सफलता प्राप्त गरेको छ ? | २० |
| | **प्रचार सम्भावना** | स्वदेश फर्किएका श्रमिकहरुलाई सकारात्मक प्रभाव पार्ने सामग्री समावेश गरिएको छ ? | २० |
| निबन्धको विषयवस्तुको पूर्णता (५०अंक) | **विषयवस्तुको विश्वसनीयता** | लेखकको दृष्टिकोणबाट निबन्ध विस्तृतरुपमा वर्णन गरिएको छ ? | २० |
| | **विषयवस्तुको आधिकारिकता** | के निबन्ध व्यावहारिक, साँचो अनुभवहरुमा आधारित र विश्वसनीय छ ? | २० |
| | **अभिव्यक्ति र सन्देश प्रवाह क्षमता** | प्रयोग भएका शब्दावली र अभिव्यक्ति उच्च स्तरको हुनुका साथै समग्र विषयवस्तुको विकास विधि व्यवस्थित छ ? | १० |
| **जम्मा** | | | १०० |

## ☐ पुरस्कार विवरण

◯ पुरस्कृत व्यक्ति (१ जना)ले दक्षिण कारियाली रोजगार तथा श्रम मन्त्रालयको माननिय मन्त्री ज्यूको अध्यक्षतामा नोभेम्बरको बिच तिर हुन गई रहेको कार्यक्रममा सहभागिताको लागि निमन्त्रणा पाउने छ। सो कार्यक्रममा आफ्नो उदाहरणीय कथा प्रस्तुत गर्नु पर्ने छ। सो भ्रमणको सम्पूर्ण खर्च ई पि एस सेन्टरले व्यहोने छ।

※ पुरस्कृत व्यक्ति दक्षिण कोरियामा अपराध र जरिबानाको रेकर्डको कारण कोरियाली अध्यागमन विभागबाट प्रवेश निषेध नगरिएको हुनुपर्ने छ।

## ☐ ध्यान दिनु पर्ने विषय

◯ सहभागिताको लागि पेश गरिएको लेखहरुको प्रतिलिपि अधिकार HRD Koreaको स्वामित्वमा हुने छ। साथै HRD Koreaले आफ्नो विभिन्न कार्यक्रम प्रवर्धनमा प्रयोग गर्न सक्ने छ। (थप जानकारीको लागि प्रतिज्ञापत्र हेर्नुहोस् ।)

◯ पेश गरिएको लेखहरु पुनः फिर्ता गरिने छैन। मूल्याङ्कनको समयसम्म योग्य सहभागी नभएमा उत्कृष्ट लेख छनौट नगर्न सकिने छ।

## ☐ अन्य जानकारी : नेपाल ई पि एस सेन्टर (फोन : ०१–५४२०४४५)

**२०२३.०९.२९**

HRD Korea, **नेपाल ई पि एस सेन्टर प्रमुख**